आज मिति २०८१/।१२/१७ गतेका दिन तमानखोला गाउँपालिकाका अध्यक्ष श्री जोकलाल बुढाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसि देहाय बमोजिमको निर्णयहरु गरियो ।

तपसिल :

| | | |
|---|---|---|
| श्री जोकलाल बुढा | अध्यक्ष तमानखोला गाउँपालिका | अध्यक्ष |
| श्री हिरा कुमारी छन्त्याल | उपाध्यक्ष तमानखोला गाउँपालिका | सदस्य |
| श्री थम वहादुर रोका | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. १ | सदस्य |
| श्री नारायण सुनार | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. २ | सदस्य |
| श्री झक वहादुर वुढा | अध्यक्ष तमानखोला गाउँपाालिका वडा नं. ३ | सदस्य |
| श्री छ प्रसाद श्रीपाली | अध्यक्ष तमानखोला गाउँपालिक वडा नं. ४ | सदस्य |
| श्री हिरा वहादुर वि.क. | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. ५ | सदस्य |
| श्री चित्र वहादुर छन्त्याल | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. ६ | सदस्य |
| श्री देवसरा वि.क. | कार्यपालिका सदस्य | सदस्य |
| श्री मन कुमारी वुढाथोकी | कार्यपालिका सदस्य | सदस्य |
| श्री भिम कुमारी छन्त्याल | कार्यपालिका सदस्य | सदस्य |
| श्री मिना कुमारी कामी | कार्यपालिका सदस्य | सदस्य |
| श्री हिक्मत जक्तपुरी | कार्यपालिका सदस्य | सदस्य |
| श्री ढालेन्द्र छन्त्याल | कार्यपालिका सदस्य | सदस्य |
| श्री अमित परियार | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

CamScanner

आज मिति २०८१/१२/१७ गतेका दिन कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु :

प्रस्ताव नं. १ :

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ :

कर्मचारीको काज फिर्ता वा वैकल्पिक व्यवस्था सम्बन्धमा ।

प्रस्ताव नं. ३ :

तमानखोला आधारभूत अस्पतालमा रहने मेडिकल अधिकृतको सेवा सुविधा सम्बन्धमा ।

प्रस्ताव नं. ४ :

स्तनपान कक्ष निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. ५ :

तमानखोला गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०८१ सम्बन्धमा ।

प्रस्ताव नं. ६ :

दुर्घटना भएको मोटरसाइकल मर्मत सम्बन्धमा ।

प्रस्ताव नं. ७ :

वडा स्तरिय तथा गाउँपालिका स्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिको मासिक प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ८ :

परामर्श सेवा खरिद सम्बन्धमा ।

प्रस्ताव नं. ९ :

गण्डकी प्रदेशमा विशेष र समपूरक अनुदान माग सम्बन्धमा ।

प्रस्ताव नं. १० :

आय व्ययको दोस्रो चौमासिक प्रगति विवरण सम्बन्धमा ।

प्रस्ताव नं. ११ :

विविध सम्बन्धमा ।

CamScanner

**निर्णय नं. ५:**

यस बैठकमा प्रस्तुत भई छलफल भएको "तमानखोला गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०८१" स्वीकृत गर्ने ।

**निर्णय नं. ६:**

यस कार्यालयको ध १ ब २९३ नम्बरको मोटरसाईकल मिति २०८१/११/०४ गते ढोरपाटन नगरपालिका वडा नं. ३ को हुन्द्रफैंदीमा दुर्घटना भएकोले उक्त मोटरसाइकल मर्मतका लागि सम्बन्धित मर्मत केन्द्र/फर्मबाट पेश हुन आएको लागत अनुमान आधारमा मू.अ.कर सहित रु. १,२०,०००/- को सिमा भित्र रही दुर्घटना ग्रस्त उक्त मोटरसाइकल मर्मत गर्न निर्देशन दिने ।

**निर्णय नं. ७ :**

आ.व. २०८१/८२ मा अघिल्लो कार्यपालिका बैठक देखि हालसम्म तमानखोला गाउँपालकाको गाउँपालिका स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समिति र वडा स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका तपसिलका योजनाहरुको अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदनहरु यस बैठकमा प्रस्तुत तथा छलफल भई उक्त प्रतिवेदनहरु स्वीकृत गरी अन्तिम भुक्तानीका लागि सिफारिस गर्ने तथा अन्तिम भुक्तानी भएका योजनाहरु अनुमोदन गर्ने ।

क) गाउँपालिका स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका योजनाहरु : ५ वटा (वडा नं. ३ मा ४ वटा र वडा नं. १ मा १ वटा)

ख) वडा नं. ३ को वडा स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका योजनाहरु : ४ वटा

ग) वडा नं. ६ को वडा स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका योजनाहरु : २ वटा

**निर्णय नं. ८:**

तमानखोला गाउँपालिकाको चालु आ.व. २०८१/८२ मा सेवा र परामर्श खर्च शीर्षकमा विनियोजित बजेट रकम रु. ५ लाख बाट गाउँपालिकाको वस्तुस्थिती, स्थानीय विकास निर्माण, सेवा प्रवाह र सुशासनलाई समेटेर भिडियो डकुमेन्ट्री (वृतचित्र) तयार गर्नका लागि परामर्श सेवा खरिद गर्ने ।

**निर्णय नं. ९:**

गण्डकी प्रदेश नीति तथा योजना आयोगको च.नं. ४९४ मिति २०८१/१२/१३ गतेको पत्रानुसार गण्डकी प्रदेश सरकारद्वारा स्थानीय तहलाई प्रदान गरिने वित्तीय हस्तान्तरण अन्तर्गत आ.व. २०८२/८३ को लागि विशेष र समपूरक अनुदान अन्तर्गत तमाखोला गाउँपालिकाबाट तपसिलका

CamScanner

आयोजना तथा कार्यक्रम प्राथमिकिकरण सहित प्रस्ताव गण्डकी प्रदेश नीति तथा योजना आयोगमा पेश गर्ने ।

तपसिलः

(क) विशेष अनुदानतर्फः

१. विपद् जोखिमयुक्त जनता प्रा.वि. भवन निर्माण (वडा नं. १)

२. अन्तर्जातीय विवाह गर्ने जोडीलाई जीविकोपार्जन तथा सामाजिक पुनःस्थापना कार्यक्रम (पालिका)

३. कटेरी पहिरोखोला तटबन्धन (वडा नं. २)

(ख) समपुरक अनुदानतर्फः

१. बोङ्गादोभान बोङ्गानी ढोरपाटन सडक (वडा नं. १ र २)

२. बेसी भयरबोङ्गा बराहताल ढोरपाटन सडक (वडा नं. २)

३. नौडल्ले पर्यटन पूर्वाधार निर्माण (वडा नं. ६)

निर्णय नं. १० :

तमानखोला गाउँपालिकाको आ.व. २०८१/८२ को आय व्ययको दोस्रो चौमासिक प्रगति विवरण अनुसूची १ बमोजिम यस बैठकमा प्रस्तुत भई सुधारका विषयमा छलफल गरियो ।

निर्णय नं. ११:

(क) हलगोरुको अनुदान वितरणका सन्दर्भमा हलगोरु पालन गरेको कृषक एकिन गरी चालु आ.व.मा प्रति हलगोरु रु. ५,०००/ का दरले विनियोजित बजेटले पुग्ने संख्यामा अनुदान वितरण गर्ने र नपुग बजेट रकम आगामी आ.व. २०८२/८३ मा विनियोजन गरी हलगोरु पालन गरेको कृषक पुनःएकिन गरी दोहोरो नपर्ने गरि सोही दरमा अनुदान वितरण गर्ने ।

(ख) वडा नं. ३ र ४ को हिले, वडा नं. १ को पहिरा सेन्नामा र वडा नं. ५ को थास्पुरीमा शिक्षा र स्वास्थ्य क्षेत्रमा गाउँपालिकाले विशेष कार्यक्रम तय गरी कार्यान्वयन गर्ने ।

(ग) चालु आ.व. २०८१/८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत पर्यटन प्रवर्द्धन कार्यक्रमबाट गाउँपालिकाका विभिन्न चोक तथा पर्यटकीय क्षेत्रमा दिशा जनाउने सूची/पाटी/पोल राख्ने ।

(घ) बराहताल क्षेत्रमा पर्यटन प्रवर्द्धन तथा प्रचार प्रसार गर्ने उद्देश्यले कार्यक्रम स्थल (मञ्च) व्यवस्थापनको लागि प्राविधिक लागत अनुमान बमोजिम रु. १,५०,०००/ मर्मत सम्भार कोषबाटबाट खर्च हुने गरी स्रोत सुनिश्चित गर्ने ।

(ङ) गाउँकार्यपालिकाको मिति २०८१/११/१३ गतेको निर्णयानुसार महिला विकास कार्यक्रम अन्तर्गतको क्र.सं. २ "एकल महिलाका लागि जिविकोपार्जनसँग सम्बन्धित सिप तथा क्षमता विकास

CamScanner

कार्यक्रम" को सट्टा "एकल महिलाका लागि जिविकोपार्जनमा आधारित माहुरी पालन तालिम तथा माहुरीको घार वितरण कार्यक्रम" कार्यान्वयन गर्ने गरी कार्यक्रम संशोधन गर्ने ।

(च) गाउँपालिकाको चालु आ.व. २०८१/८२ को स्वीकृत बजेट कार्यक्रम अनुसार खेलकुद विकास तथा सहयोग कोषबाट खर्च हुने गरी गाउँपालिकामा पेश गरेको प्रस्तावका आधारमा तमानमा चैते दशैमा आयोजना हुने कार्यक्रमका लागि तमान युवा क्लबलाई रु. २,००,०००/, बराहताल क्षेत्रमा बैशाख १ गते आयोजना हुने कार्यक्रमका लागि बराहताल युवा क्लबलाई रु.२,००,०००/ र लाम्मेलामा जेठ १ गते आयोजना हुने कार्यक्रमका लागि शोले युवा क्लबलाई रु. २,००,०००/ सहयोग रकम उपलब्ध गराउने ।

(छ) गाउँपालिका क्षेत्रभित्र आयोजना हुने विभिन्न भोज भतेर लगायतका खानपानका कार्यक्रममा जातीय भेदभाव जनाउने गरि दुई भान्साको व्यवस्था भएको ठाउँमा गाउँपालिकाका जनप्रतिनिधी तथा कर्मचारीहरु उपस्थित भएको अवस्थामा त्यस्तो कार्यक्रममा सहभागी नभई जातीय भेदभाव गर्ने व्यक्ति तथा समुदायलाई निरुत्साहित गर्ने गरि सन्देश प्रवाह गर्ने ।

CamScanner

अनुसूची १ (निर्णय नं. १० सँग सम्बन्धित)

**आ. व. २०८१/८२ अन्तर्गत २०८१ चैत्र महिना १५ गतेसम्म तमानखोला गाउँपालिकामा भएको स्रोत बमोजिमको आय र व्ययको विवरण:**

| क. सं. | स्रोत | तह | जम्मा भएको रकम रु. | खर्च रकम रु. | बैंक बाँकी रकम/निकासा फिर्ता | चालु आ. व. को अनुमानित बजेट | जम्मा हुन बाँकी बजेट | निकासा फिर्ता बाँकी | आन्तरिक बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | समानिकरण अनुदान | नेपाल सरकार | ४९४७१६८०.०० | १८३६१०७०.०० | ३१११०६१०.०० | ६९६०००००.०० | २०१२८३२०.०० | ०.०० | ३१११०६१०.०० |
| २ | समानिकरण अनुदान | प्रदेश सरकार | ५३१४५००.०० | ०.०० | ५३१४५००.०० | ७०८६०००.०० | १७७१५००.०० | ०.०० | ५३१४५००.०० |
| ३ | राजश्व बाँडफाँड | संघीय सरकार | ~~४३७९३५६१.३९~~ | ~~१७९२५४३६.६४~~ | ~~२५८६८१२४.७५~~ | ७१२०००००.०० | २७४०६४३८.६१ | ०.०० | २५८६८१२४.७५ |
| ४ | शसर्त अनुदान | संघीय सरकार | ७५१४०३७०.०० | ४५३१४२९४.३३ | २९८२६०७५.६७ | ११६६९४५००.०० | ४१५५४१३०.०० | २९८२६०७५.६७ | ०.०० |
| ५ | विशेष अनुदान | संघीय सरकार | ८०००००००.०० | ७४१९६०.०० | ७२५८०४०.०० | १६०००००००.०० | ८०००००००.०० | ७२५८०४०.०० | |
| ६ | समपुरक अनुदान | प्रदेश सरकार | ३००००००.०० | २८१५८०६.०० | १८४१९४.०० | ६००००००.०० | ३००००००.०० | १८४१९४.०० | |
| ७ | विशेष अनुदान | प्रदेश सरकार | २००००००.०० | १९१५०६२.०० | ८४९३८.०० | ४००००००.०० | २००००००.०० | ८४९३८.०० | ०.०० |
| ८ | राजश्व बाँडफाँड | प्रदेश सरकार | २१४८१५२.८९ | ०.०० | २१४८१५२.८९ | ३५८००००.०० | १४३१८४७.११ | ०.०० | २१४८१५२.८९ |
| ९ | आन्तरिक राजश्व | आन्तरिक | १२१७६५८.२४ | ०.०० | १२१७६५८.२४ | ३८०००००.०० | २५८२३४१.७६ | ०.०० | १२१७६५८.२४ |
| १० | स्थानीय राजश्व बाँडफाँड | आन्तरिक | ५४७०१.०० | ०.०० | | ३०००००.०० | | | |
| ११ | गत वर्षको बजेट | आन्तरिक | ३१५२६२९७.५९ | १५९३००३६.१८ | १५५९६२६१.४१ | ३११८५०००.०० | -३४१२९७.५९ | | १५५९६२६१.४१ |
| | जम्मा | | २२१६६६९२१.११ | १०३००३६६५.१५ | ११८६०८५५४.९६ | ३२९४५५५००.०० | १०७५३३२७९.८९ | ३७३५३२४७.६७ | ८१२५५३०७.२९ |

| क. सं. | खर्च प्रकार | विनियोजित बजेट | खर्च रकम रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | २३१७९५५०० | ७५९१७८८३.१५ | ३२.७५% |
| २ | पुँजिगत | ९७६५०००० | २७०८५७८२.०० | २७.७३% |
| | जम्मा | ३२९४५५५०० | १०३००३६६५.१५ | ३१.२६% |

**प्रकोप व्यवस्थापन कोषको २०८१ चैत्र महिना १५ गते सम्मको आम्दानी विवरण:**

| | | |
|---|---|---|
| १ | अ. ल्या. २०८०/८१ | १९५१०३.५४ |
| २ | कोभिड /प्रकोप व्यवस्थापन अनुदान-संघ/प्रदेश | ०.०० |
| ३ | आन्तरिक बजेट तथा आम्दानी | ० |
| | जम्मा आय | १९५१०३.५४ |
| | २०८१।१२।१५ सम्म कोषमा बाँकी बजेट | १०४५९८.५४ |

**प्रकोप व्यवस्थापन कोषको २०८१ साल चैत्र महिना १५ गतेसम्मको खर्च विवरण:**

| | |
|---|---|
| आर्थिक सहयोग/राहत वितरण | ९०५०५.०० |
| क्वारेन्टिन होल्डिङ सेन्टर निर्माण तथा व्यवस्थापन | ०.०० |
| आइशोलेशन केन्द्र निर्माण तथा व्यवस्थापन | |
| जनशक्ति परिचालन | ०.०० |
| औषधि एवम् स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | |
| स्वास्थ्य पूर्वाधार निर्माण | |
| अन्य शिर्षकमा भएको खर्च | ०.०० |
| जम्मा खर्च | ९०५०५.०० |

| | | |
|---|---|---|
| २०८१.१२.१५ | घरौटी खाता बाँकी | ३०४०८८८.१२ |
| २०८१.१२.१५ | तमानखोला विकास कोष | ६७७२०७ |

**वडा अनुसार राजश्व संकलनको विवरण**

| क.स. | पालिका/वडा | संकलन भएको नगद राजश्व | बैंक दाखिला भएको रकम | बैंक दाखिला हुन बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं.-१ | २४०२९८.२६ | २०६६३४.२६ | ३३६६४.०० | |
| २ | वडा नं.-२ | ३११८३७.४ | २९०७९०.९३ | २१०४६.४७ | |
| ३ | वडा नं.-३ | १८९६७२.४७ | १६९८७१.३९ | १९८०१.०८ | |
| ४ | वडा नं.-४ | ९८५००.२५ | ६९०४५.८५ | २९४५४.४० | |
| ५ | वडा नं.-५ | १३२९३२.८६ | ११६९९६.४९ | १५९३६.३७ | |
| ६ | वडा नं.-६ | ६८५३९.१५ | ६०३१७.४५ | ८२२१.७० | |
| ७ | पालिका | ३११७०१.८७ | ३०४००१.८७ | ७७००.०० | |
| | जम्मा | १३५३४८२.२६ | १२१७६५८.२४ | १३५८२४.०२ | |